# धनकुटा नगरपालिका

## पदपूर्ति समिति

## पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०१/२०

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा रिक्त रहेको तपसिलमा उल्लेखित सेवा, समूह र तहको अप्राविधिक पदमा धनकुटा नगरपालिकाको कर्मचारी सेवा ऐन २०७७ को दफा १७ को उपदफा २ बमोजिम विशेष प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले निम्नानुसार योग्यता पुगेका उम्मेद्वारहरुबाट लोकसेवा आयोगद्वारा स्वीकृत फाराम भरी पेश गर्न यो दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको छ ।

निम्न

| क्र. सं. | विज्ञापन नं. | पद | सेवा/समूह/तह | माग संख्या | परीक्षाको किसिम | परिक्षा दस्तुर | लिखित परीक्षा कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५/०७७/०७८ | अधिकृत | प्रशासन/सामान्य प्रशासन/ अधिकृतस्तर छैटौं | १ | लिखित, सीप परीक्षण र अर्न्तवार्ता | १,०००।– | प्रथम पत्र<br>मिति २०७८।२।२२<br>दिनको २ बजे<br>द्वितीय पत्र<br>मिति : २०७८।२।२९<br>बिहान ८ बजे<br>तृतीय पत्र<br>मिति २०७७।२।२९<br>दिनको २ बजे | |

१. परीक्षा केन्द्र : धनकुटा नगर कार्यपालिकाको कार्यालय

२. दरखास्त पेश गर्ने अन्तिम म्याद : २०७८।०२।९ , दोब्बर दस्तर तिरी २०७८/२/१६ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परे सोको भोलीपल्ट कार्यालय समय भित्र ।

३. अर्न्तवार्ता तथा सीप परीक्षण मिति : लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा तोकिनेछ ।

४. पाठ्यक्रम : लोकसेवा आयोगद्वारा स्थानीय तहका लागि अधिकृतस्तर छैटौं पदको प्रशासन सेवा, सामान्य प्रशासन समूहको लिखित परीक्षाका लागि स्वीकृत पाठ्यक्रम हुनेछ ।

५. परीक्षण काल : प्रचलित कानुन अनुसार हुनेछ ।

६. तलब स्केल : स्थानीय तहका सो पद वा सो सरहका पदका व्यक्तिले पाउने प्रचलित कानुन अनुसारको स्केल ।

आवश्यक न्यूनतम योग्यता

१. अधिकृत, अधिकृतस्तर छैटौंका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको हुनु पर्नेछ ।

२. अधिकृत, अधिकृतस्तर छैटौंको लागि प्रकाशित विज्ञापनमा उम्मेद्वार हुन धनकुटा नगर कार्यपालिकाको कार्यालयमा अधिकृतस्तर छैटौं पदमा अस्थायी /करार पदमा नियुक्ति भई धनकुटा गरपालिकाको कर्मचारी सेवा ऐन २०७७ लागू हुंदाका बखत सम्म अविछिन्न रुपमा कार्यरत रहेको हुनुपर्नेछ ।

३. दरखास्त साथ उम्मेद्वारले शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र धनकुटा नगर कार्यपालिकाको कार्यालयमा दस्तुर बुझाएको नगदी रसिद तथा सेवा अविछिन्नको पत्र पेश गर्नु पर्नेछ ।

...................................

(राम बहादुर थापा)

अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत
पदपूर्ति समिति